बैठक संख्या : ८७

आज मिति २०७८/०८/२६ गते..........बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री राम दिनेश यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | कार्यपालिका सदस्य | |
| १६ | श्री सबिता धिमिरे | कार्यपालिका सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | कार्यपालिका सदस्य | |
| १८ | श्री उर्मिला कोरी | कार्यपालिका सदस्य | |
| १९ | श्री पुष्पा थारु | कार्यपालिका सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | कार्यपालिका सदस्य | |
| २१ | श्री सिताराम धोवी | कार्यपालिका सदस्य | |
| २२ | श्री रामधनी बढई | कार्यपालिका सदस्य | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २५ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| २६ | श्री राजेश कुमार शैनी | इन्जिनियर | |
| २७ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृत | |
| २८ | श्री पद्मराज श्रेष्ठ | सामाजिक विकास अधिकृत | |

बैठकका प्रस्तावहरू :

१. गत बैठकको समिक्षा गर्ने सम्बन्धमा ।
२. ११औं नगरसभाको मिति तोक्ने सम्बन्धमा ।
३. संघीय समपुरक तथा विशेष योजना छनौट सम्बन्धमा ।
४. प्रदेश समपुरक तथा विशेष योजना छनौट सम्बन्धमा ।
५. जिल्ला समन्वय समितिको मौज्दात कोष कार्यक्रम अर्न्तगत योजना छनौट ।
६. सडक बोर्ड नेपालमा माग गर्ने योजना छनौट सम्बन्धमा ।
७. तराई मधेश समृद्धि कार्यक्रमका योजना छनौट
८. आ.व. २०७६/०७७ मा संघीय समपुरक अनुदान कार्यक्रमको बजेट माग सम्बन्धमा ।
९. क.व.न.पा. वडा नं. १२ मा स्वास्थ्य चौकी निर्माण कार्यक्रमको बजेट माग सम्बन्धमा ।
१०. गोटिहवा देखि श्रीरामपुर सडक निर्माणको ठेक्का सम्बन्धमा ।
११. खोलाको ठेक्का सम्बन्धमा ।
१२. स्थानीत तह संस्थागत क्षमता मूल्याँकनको प्रगति सम्बन्धमा ।
५. समसामायिक विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०८/२२ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरू पूर्ण रूपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको ११ औं नगरसभा वि.सं. २०७८ माघ १४ गते शुक्रवारका दिन बस्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७९/०८० को संघीय समपुरक अनुदान तथा विशेष अनुदान कार्यक्रम अर्न्तगत तपसिल बमोजिमका योजनाहरू माग गर्ने निर्णय गरियो ।

**आ.व. २०७८/०७९ मा संचालित योजना**

१. पिपरहवा लिफ्ट सिचाई योजना क.व.न.पा. १२ ।

आ.व. २०७९/०८० को लागि प्रस्तावित संघीय समपुरक अनुदान तर्फका योजनाहरू :

१. जमुवार पुल देखि नयाँटोल हुदै भिक्षु चौक र बहादुरगंज चौक देखि छोटकी तौलिहवा सम्मको बाटोमा विधुतीकरण ।
२. भिक्षु चौक देखि मलपरवा हुदै बिजगौरी सम्मको सडक निर्माण ।
३. क.व.न.पा. वडा नं. ९ को वडा कार्यालय भवन निर्माण ।

आ.व. २०७९/०८० को लागि प्रस्तावित संघीय विशेष अनुदान तर्फका योजनाहरू :

१. फुसको छानो मुक्त कार्यक्रम अन्तर्गत (जस्ता पाता खरीद तथा वितरण) ।
२. सितलाबक्स मा.वि. रेहरा क.व.न.पा. ११ मा ४ कोठे विद्यालय भवन निर्माण ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०७९/०८० को लागि प्रदेश समपुरक अनुदान तथा विशेष अनुदान कार्यक्रम अर्न्तगत तपसिल बमोजिमको योजनाहरू माग गर्ने निर्णय गरियो ।

प्रदेश समपुरक अनुदान तर्फका योजना

१. बिकुली फेदराहट सडक ।
२. बरदहवा लम्तिया रमतलहा सडक ।
३. निगालीकोट खुखुण्डी सडक ।
४. केवलपुर जर्लैया कुश्मा बनकसिया सडक ।

निर्णय प्रमाणित

प्रदेश विशेष अनुदान तर्फका योजना

१. खानेपानी तथा सरसफाई योजना गरीब घर परिवारको लागि ।
२. सामुदायिक विद्यालयहरूमा खानेपानी टंकी जडान ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आनन्दबाग सिकोटवा मलपरवा सडक निर्माणको लागि जिल्ला समन्वय समितिको मौज्दात कोष अर्न्तगतको लागत सहभागिता (६०/४०) कार्यक्रम अर्न्तगत जिल्ला समन्वय समितिमा माग गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा सडक बोर्ड नेपाल कार्यक्रम अर्न्तगत उक्त कार्यक्रमको नियमानुसार लागत सहभागिता बेहोर्ने गरि तपसिल बमोजिमको योजनाहरूको मरम्मत संभारको योजनाहरू छनौट गरि स्वीकृतिको लागि सडक बोर्ड नेपालमा पठाउने गर्ने निर्णय गरियो ।

तपसिल

१. भिक्षु चौक देखि कपिलवस्तु बहुमुखी क्याम्पस हुदै नहर सम्म सडक मरम्मत ।
२. आनन्दबाग पेट्रोल पम्प देखि आँखा अस्पताल बाटो मरम्मत ।
3. कपिलवस्तु बहुमुखी क्याम्पस गेट देखि बुद्ध चौक सम्म सडक मरम्मत ।
४. बरगदवा महुवारिया भावपुर सडक मरम्मत ।
५. क.व.न.पा. वडा नं. ६ शिपुरा देखि खुखुण्डी सडक मरम्मत ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा तराई मधेस समृद्धि कार्यक्रम अर्न्तगत तपसिल बमोजिमका योजनाहरू माग गर्ने निर्णय गरियो ।

तपसिल

**आ.व. २०७७/०७८ को अधुरो क्रमागत योजनाहरू**

१. सामुदायिक भवन निर्माण सि.एल.सी. सेमरी क.व.न.पा. ६ - रू. ५ (पाँच) लाख ।
२. सामुदायिक भवन निर्माण क.व.न.पा. ४ - रू. ९ (नौ) लाख ५० हजार ।
3. बिठुवा देखि बेलभरिया हुदै हुलाकी सडक सम्म सडक स्तरोन्नती क.व.न.पा. १२ - रू. १० लाख ८५ हजार ।
४. दोहनी चाकरचौडा सडक देखि सेरहिया सेरहवा जाने सडक स्तरोन्नती क.व.न.पा. ७ - रू. २० लाख ५० हजार ।

जम्मा रकम - रू. ४५ लाख ८५ हजार ।

**आ.व. २०७९/०८० को लागि प्रस्तावित योजनाहरू**

१. श्री कृति आधारभूत विद्यालय महुवा भवन निर्माण क.व.न.पा. ४ ।
२. सौरहा लौसा सडक क.व.न.पा. १२ ।
3. श्री कोटिग्राम नि.मा.वि. गोटिहवा भवन निर्माण क.व.न.पा. ५ ।
४. पश्चिम मैनिहवा कुँवागाउँ कचरिहवा सडक ।
५. बगौहा पश्चिम बरगदवा सडक ।
६. गोटिहवा लौसा सडक ।
७. सिपुरा श्रीरामपुर सडक ।
८. बिठुवा देखि बरगदी घाट सडक ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७६/०७७ मा संघीय समपुरक अनुदान कार्यक्रम अर्न्तगत प्राप्त तपसिल बमोजिमका योजनाहरू कोभिड-१९ ले गर्दा संचालन गर्न नसकेकोले आ.व. २०७७/०७८ मा बहुवर्षिया योजना अर्न्तगत संचालित गरिएकोमा सो योजनाहरूको लागि तहाँ कार्यक्रमबाट बजेट प्राप्त हुन नआएकोले भुक्तानी गर्न समस्या गर्न समस्या सिर्जना भएकोले उक्त योजनाहरूको लागि संघीय समपुरक अनुदान कार्यक्रम अर्न्तगत स्वीकृत बजेट माग गर्ने निर्णय गरियो ।

तपसिल

१. रिसोइन शान्ति बिहार हुदै तिलौराकोट पश्चिम गेट औराहिया सडक । - रू. ६२,००,०००/- (बैसठ्ठी) लाख ।
२. पिपरहवा बिठुवा सौरहा सडक । - रू. १,०९,००,००० (एक करोड नौ लाख )

**जम्मा- १,७१,००,०००/- (एक करोड एकहत्तर लाख) ।**

निर्णय प्रमाणित

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अर्न्तगत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बजेट शिर्षक नं. ८०१०५१०९ (शसर्त २६३३२) कार्यक्रमबाट कपिलवस्तु नगरपालिका वडा नं. १२ मा स्वास्थ्य चौकी निर्माण (११.१.२.३५३) कार्यक्रमको लागि रू. २ (दुई) करोड बजेट प्राप्त हुन आएकोमा उक्त योजनालाई बहुबर्षिया योजनामा समावेश गरि खरीद प्रक्रिया अगाडी बढाइएकोमा यस आ.व. को हाल सम्म पनि बजेट प्राप्त हुन नआएको कारण निर्माण कार्य अगाडी बढाउन समस्या परेकोले उक्त योजना संचालन गर्न आवश्यक बजेट सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा आ.व. २०७६/०७७ को प्रदेश समपुरक अनुदान अर्न्तगत ठेक्का नं. KM/RD/076/077-27 को गोटिहवा देखि श्रीरामपुर सडकको निर्माण व्यवसायीले सम्झौता अवधी भित्रै काम सम्पन्न नगरेकोले उक्त ठेक्का तोडी २ (दुई) वर्षको लागि उक्त निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सिफारिस गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा बाणगंगा खोला अर्न्तगत कुश्मा नाकाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री वितरणको लागि मिति २०७८/०८/०८ मा शिवम बिल्डर्स प्रा.लि. लाई ठेक्का स्वीकृत भएकोमा हाल सम्म पनि ठेक्का सम्झौता गर्न नआएको हुँदा निजको धरौटी जफ्त गरी निजलाई कानून बमोजिम २ बर्षको लागि कालो सूचीमा राख्न सम्बन्धित निकायमा पठाउने साथै उक्त नाकामा अर्को प्रतिष्पर्धी नभएको हुँदा पुनः ठेक्का सूचना आव्हान गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता मूल्याँकनको प्रारम्भिक नतिजा पेश गरिएको सहर्ष जानकारी गराउदै प्रारम्भिक नतिजा अनुसार १० वटै विषय क्षेत्र गरि यस नगरपालिकाको समग्रमा प्राप्तांक ६१ रहेकोमा जिल्ला समन्वय समितिबाट प्रारम्भिक नजिता स्वीकृत भए पश्चात सोही बमोजिमको नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

<u>समसामायिक विविध निर्णयहरू</u>

१३. आ.व. २०७७/०७८ को ठेक्का नं. KM/RD/077/078-20 को वडा नं. ११ को सडक पि.सि.सि. निर्माण कार्यको लागि कार्यालय र श्री एस.एस.के. निर्माण सेवा प्रा.लि. लुम्बिनी सांस्कृतिक नगरपालिका ९ रूपन्देही बीच भएको तोडिएको ठेक्का र कालो सूचीमा सिफारिस भएकोमा समर्थन गर्ने निर्णय गरियो ।

१४. यस नगरपालिकाको कार्यालय भवनको कम्पाउण्ड वाल निर्माण तथा भवनको मरम्मत सम्भारको लागि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७८ को सर्त बमोजिम बजेट मागको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको योजना तथा अनुगमन शाखामा प्रस्ताव पठाउने निर्णय गरियो ।

१५. कपिलवस्तु नगरपालिकाको यशोधरा मा.वि. को पर्खाल र वडा नं. १२ को वडा कार्यालयको पर्खालको लागि इष्टिमेट बमोजिमको रकम आगामी नगरसभामा विनियोजन गर्ने गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

१६. बभनी गाउँको हनुमान मन्दिर निर्माण तथा मरम्मतको लागि अपुग रकम इष्टिमेट बमोजिम आगामी नगरसभाबाट बजेट विनियोजन गर्ने गरि व्यवस्थापन गर्ने ।

१७. राजस्व परामर्श समितिले तोकेको दररेटमा दैनिक रूपमा राजस्व संकलन हुने गरी कृषि हाटबजार तथा बसपार्कको ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

निर्णय प्रकाशित

१८. क.व.न.पा. वडा नं. ८ जगदीशपुर हाट बजारको गत आ.व. मा लकडाउनका कारण बजार नबसेको अवधीको बजार शुल्कलाई सोही दिन बरावरले हुने दिन यस आ.व. मा मिलान गर्ने निर्णय गरियो ।

१९. अर्थ मन्त्रालय वित्तिय संघीयता सम्बन्धी महाशाखाको मिति २०७८/०२/२० च.नं. ९९ को पत्रबाट प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीहरुको लागि मासिक सुविधामा केन्द्रबाट प्राप्त हुने जनही रु. ८,०००/- (आठ हजार) र स्थानीय तहबाट रु. ७,०००/- (सात हजार) का दरले कुल रु. १५,०००/- (पन्ध्र हजार) उपलब्ध गराउने निर्णय बमोजिम २०७८ माघ १ गतेबाट लागु हुने गरी यस नगरपालिका भित्रका प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालयका कर्मचारीहरुलाई नगरपालिकाको तर्फबाट जनही मासिक रु. ७०००/- (सात हजार) उपलब्ध गराउने निर्णय गरियो ।

२०. क.व.न.पा. ५ बाट आ.व. २०७८/०७९ को लागि स्वीकृत तपसिल बमोजिमका योजनाहरु आगामी नगरसभाबाट अनुमोदन हुने गरि संशोधन गर्ने निर्णय गरियो ।

   १. शिर्षक नं. ३११२३ फर्निचर तथा फिक्चर्समा विनियोजित रकम रु. ८३,७००/- लाई पोलहरुमा सडक बत्तीका लागि विनियोजन गर्ने ।

   २. जनचेतना मुलक तालिममा विनियोजित रकम रु. ५०,०००/- लाई घाँसको बीउ खरीदमा रु. २५,०००/- तथा तरकारीको बीउ खरीदमा रु. २५,०००/- विनियोजन गर्ने ।

२१. कपिलवस्तु नगरपालिकाको जमुवार देखि भवानी भिक्षु चौक सम्म तथा हुलाकी सडक छोटकी तौलिहवा सम्म स्ट्रीट लाइट र सि.सि.टि.भि. क्यामेरा जडान कार्य उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित ।

२०७८।८।२६